# बाल सहभागितामा कार्यरत संस्थाहरुको समुह

# (Consortium of Organizations Working for Child Participation)

## बिधान २०६५

## प्रस्तावना

संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्वन्धि महासन्धि १९८९ ले बालसहभागिताको अधिकारलाई सुनिश्चित गरेको छ। यसै महासन्धिलाई नेपालले पनि १९९० मा अनुमोदन गरको छ र राष्ट्र यसको पक्ष बनेको छ।

आफूलाई प्रभाव पार्ने विषयमा बालबालिकाले पनि आफ्नो विचार व्यक्त गर्न पाउने, आफ्नो धर्म/संष्कृति मान्न पाउने, उनीहरुको विचार र भावनाको कदर बयश्कहरुबाट गरिनु पर्ने तथा बालबालिकाको परिवार लगायत अन्य सामुहिक भेला, छलफलमा संलग्नता र संगठन खोल्न तथा शान्तिपूर्ण ढंगबाट भेला हुने र सामाजिक कृयाकलापहरुमा सहभागी हुन पाउने अधिकार नै बालबालिकाको सहभागिताको अधिकार हो। यो अधिकारले बालबालिकाको अरु अधिकार प्राप्त गर्न समेत सहयोग पुग्ने भएकोले यसले समग्र बाल अधिकारको क्षेत्रमा विशेष महत्व राख्दछ। सहभागिताको अधिकार बालअधिकार महासन्धिको आधारभूत सिद्धान्त पनि हो। बालसहभागिताले बालबालिकालाई आफ्नो अधिकारको सम्बर्द्धनकर्ता बन्न बालबालिकाहरुलाई बलियो बनाउंछ। बालबालिकालाई अधिकारको धारकका रुपमा सशक्त बनाउन सहभागिताको अधिकारको भूमिका बढी महत्वपूर्ण हुन्छ।

यसै कुरालाई मनन् गर्दै बालबालिकाको क्षेत्रमा काम गर्ने नेपाली तथा अन्तर्राष्ट्रीय सामाजिक संस्थाहरुबाट नेपालमा वि.सं.२०४२ सालदेखि बालबालिकाहरुको सहभागिताको अधिकार प्रवर्द्धन गर्न बालक्लबहरुको गठन तथा परिचालन गर्ने कार्यलाई अगाडि बढाईएको र सन् १९९८ मा १८० वटा बाल क्लबहरुमा गरिएको अनुसन्धानबाट बाल क्लबहरु र बाल सहभागिताको अभियान बाल अधिकारको संरक्षण र सम्वर्द्धन गर्न तथा बालबालिकाहरुमाझमा लोकतान्त्रिक मुल्यमान्यताको बिकास गर्न प्रभावकारी भएको प्रमाणित भइसकेपछी यस अभियानलाई अझ ब्यबस्थित र सुदृढ गर्नका लागि तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुविच बालसहभागितालाई संगठितरुपमा अगाडि बढाउनका लागि बालक्लबसंग काम गर्ने संस्थाहरुको साझा समूह **कन्सोर्टियम** को गठन तथा संचालन भएकोमा यसलाई उद्देश्यमा प्रष्टता ल्याउंदै सांगठनिकरुपमा समेत थप सक्षम बनाउंदै जान आवश्यक भएकोले २०६५मा बसेको साधारण सभाले यो विधान तयार गरि लागु गरिएको हो। यो विधान प्लेनरी बैठकबाट पारित भएपछी लागु हुनेछ।

## परिच्छेद - १

## प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ :

(क) यस संस्थाको नाम "बालसहभागितामा कार्यरत संस्थाहरुको समुह" हुनेछ । यसलाई अंग्रेजीमा "Consortium of Organizations Working For Children's Participation" र संक्षिप्तमा नेपालिमा कन्सोर्टियम तथा अँग्रेजीमा "CONSORTIUM" भनिनेछ । यो एक नाफा रहित बालसहभागिताको क्षेत्रमा कार्यरत सामाजिक संस्थाहरुको साझा सञ्जाल हुनेछ ।

(ख) यस बिधानको नाम "बालसहभागितामा कार्यरत संस्थाहरुको समुहको बिधान- २०६५" हुनेछ ।

(ग) यो बिधान कन्सोर्टियमको सञ्चालक समितिको बैठकाबाट पारित भएको मिति देखि प्रारम्भ हुनेछ ।

(२) परिभाषा :

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमा :

(क) "संस्था" भन्नाले "बालसहभागितामा कार्यरत संस्थाहरुको समुह - कन्सोर्टियम" सम्झनुपर्छ ।

(ख) बिधान भन्नाले "बालसहभागितामा कार्यरत संस्थाहरुको समुहको बिधान- २०६५" सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले बिधान अनुरुप गठित सञ्चालक समितिलाई सम्झनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले सञ्चालक समितिका संयोजक, महासचिव , कोषाध्यक्ष र सदस्यहरुलाई सम्झनुपर्छ ।

(ङ.) "सदस्य" भन्नाले संस्थाको समिति र साधारण सभाको बैठकमा मतदान गर्न पाउने सदस्यहरुलाई सम्झनुपर्छ।

(च) "साधारण सभा" भन्नाले वार्षिक साधारण सभा वा विशेष साधारण सभालाई सम्झनुपर्छ ।

(छ) "स्थानीय अधिकारी" भन्नाले जिल्लाको "प्रमुख जिल्ला अधिकारी" लाई सम्झनुपर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले बिधान वा यस बिधान अन्तर्गत रही गठन गरिएको कार्य समितिको निर्णयद्धारा पारित नियमावली वा विनियममा तोकिएको कुरालाई सम्झनुपर्छ ।

(झ) "परिषद" भन्नाले "समाज कल्याण परिषद ,२०४८" लाई सम्झनुपर्छ ।

(ञ) "प्लेनरी" भन्नाले कन्सोर्टियमले आयोजना गर्ने नियमित प्लेनरी बैठकलाई सम्झनुपर्दछ ।

(३) संस्थाको छाप र स्थापना :

(क) यस संस्थाको छाप र सांकेतिक चिन्ह अनुसुची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) यो संस्था एउटा अविच्छिन्न उत्तराधिकारिवाला स्वशासित, संगठित र कानुनी व्यक्तित्व प्राप्त संस्था हो । यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त , उपभोग गर्ने, बेच बिखन गर्ने, नालिस उजुर गर्ने र सञ्चालक समितिले निर्णय गरेको अन्य काम, कर्त्तव्य र अधिकारको प्रयोग गर्न सक्दछ ।

(४) सल्लाहकार :

(क) यस संस्थाको सञ्चालक समितिले बालसहभागिताको क्षेत्रमा विशेष कार्य गरेका व्यक्तिहरुको प्रतिनिधित्व गर्ने गरी एक वयस्क सल्लाहार समिति  गठन गर्न सक्नेछ ।

(ख) यस संस्थाको सदस्य संस्थाहरुबाट प्रतिनिधत्व गरी आएका बालबालिकाहरुको भेलाबाट बढीमा २५ सदस्यीय बाल सल्लाहकार समिति गठन गर्नेछ ।

(५) संस्थाको कार्यालय :

(क) यस संस्थाको केन्द्रीय कार्यालय काठमाण्डौ जिल्लामा रहनेछ । आवश्यक्ता अनुसार कार्यालयहरु स्थानीय सदस्य संस्थाहरुको समन्वयमा नेपाल अधिराज्यको जुनसकै स्थानमा खोल्न सकिनेछ ।

(ख) संस्थाको काम तथा सदस्यता विस्तार प्रयोजनकालागि पुर्ण सदस्य संस्थाहरुमध्येबाट एक सम्पर्क संस्थाको चयन गरिनेछ ।

## परिच्छेद-२

## उद्येश्य

(६) संस्थाको उद्देश्य :

बाल अधिकारको संरक्षण र सम्वर्द्धन अन्तर्गत बाल सहभागितालाई स्थापित गर्नका लागि यस संस्थाले  देहाएका उद्येश्य राखेको छ :

क) बालसहभागितालाइ प्रवर्धन गर्न नितिगत र संस्थागत व्यवस्थाका लागि पहल र कार्यान्वयन गर्ने ।

ख) बालसहभागिताको सम्बन्धमा काम गर्ने ब्यक्ति तथा संस्थाको क्षमता अभिबृद्धि गर्ने ।

ग) बालसमुह एवं सञ्जालको स्थापना तथा प्रवर्धन गर्न र संस्थागत गर्न आवश्यक पहल गर्ने ।

घ) बाल सहभागिताको क्षेत्रमा सुचना तथा अनुसन्धानहरु सञ्चालन गरी स्रोत केन्द्रको विकास गर्ने ।

## परिच्छेद ३

## सदस्यता सम्बन्धि व्यबस्था

निम्न अनुसारका योयग्ता पुरा गरेका संस्थाहरुले यस संस्थाको सदस्यताको लागि आवेदन दिन र सदस्यता प्राप्त गर्न योग्य हुनेछन् :

(७) सदस्यताको योग्यता :

क) न्युनतम पनि एक वटा बाल क्लब सञ्चालन गरिरहेको संस्था ।

ख) बाल सहभागिताको क्षेत्रमा विभिन्न कार्यक्रम तथा परियोजनाहरु सञ्चालन गरिरहेको संस्था ।

ग) नेपाल सरकारको प्रचलित कानुन बमोजिम दर्ता भइ क्रियाशिल भएको संस्था ।

घ) नेपाल सरकारको प्रचलित नियमबमोजिम अनुमती लिई नेपालमा बाल सहभागिताको क्षेत्रमा कार्य गरिरहेका अन्तर्राष्टिय तथा क्षेत्रीय संस्थाहरु ।

८) सदस्यताको लागि अयोग्यता :

यस विधानको दफा ७ को क, ख र ग मा उल्लेख गरिएको योग्यता पुरा नगरेका संस्थाहरु यस संस्थाको सदस्यताको लागि अयोग्य ठहरीनेछन् ।

९) सदस्यताको प्रकार :

यस संस्थामा देहाय बमोजिम सदस्य हुनेछन् :

**क. संस्थापक सदस्य :** यस संस्थाको स्थापना गर्दा सहभागी सबै सदस्य संस्थाहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्य संस्थाहरुलाई मतदानको अधिकार रहनेछ ।

**ख. पूर्ण सदस्य :** यस संस्थाको सदस्यता लिई एक वर्ष अवधि पार गरेको र सञ्चालक समितिले उक्त संस्थाको कार्यसम्पादन मूल्यांकन गरी पूर्ण सदस्यता दिने भनी निर्णय भएका सबै सदस्य संस्थाहरु यस संस्थाको पूर्ण सदस्य हुनेछन् र पूर्ण सदस्य संस्थाहरुलाई मतदानको अधिकार रहनेछ ।

**ग. प्रवेश सदस्य :** यस यस संस्थाको साधारण सदस्यता पाउं भनी निवेदन दिएका तथा संस्थागत प्रस्तुतीकरणपछि सञ्चालक समितिको निर्णयबाट प्रवेश सदस्यता प्राप्त सदस्य संस्थाहरु । यस्तो सदस्यता एक पटकमा ६ महिनालाई प्रादन गर्न सकिनेछ र सञ्चालक

समतिको निर्णबाट थप ६ महिनाको लागि अवधी लम्ब्याउन सकिनेछ । प्रवेश सदस्य संस्थालाई मतदानको अधिकार हुनेछैन ।

(१०) सदस्यता प्रदान गर्ने विधि र सदस्यता शुल्क :

देहायको अवस्थामा सदस्यता प्रदान भएको मानिनेछ ।

(क) यस विधानको दफा (७) बमोजिम योग्यता पुगेको संस्थालाई सञ्चालक समतिले तोकेको ढाँचाको फारम भरी बुझाए पश्चातः आवधिक रुपमा आयोजना हुने प्लेनरी बैठकमा आवेदक संस्थाको प्रस्तुती पछी उपयुक्त लागेमा सञ्चालक समितिले निर्णय गरी प्रवेश सदस्यता प्रदान गरिनेछ ।

(ख) प्रवेश सदस्यता प्राप्त गरेको ६ महिनासम्म परिक्षणकाल र त्यसपछी सञ्चालक समितिले मुल्यांकन गरी पुन : एक पटकको लागि प्रवेश सदस्यता वा पुर्ण सदस्यता प्रदान गर्नेछ । अथवा परिक्षणकाल उपयुक्त नलागेमा सदस्यता खारेज पनि गर्न सक्नेछ ।

(ग) तर यस विधानको दफा (९) (क) बमोजिम संस्थापक सदस्यको हकमा यो दफा लागु हुने छैन ।

(घ) माथिको उपदफा (क) र (ख) अनुसार सदस्यता प्राप्त गर्न संस्थाले देहाय बमोजिम बार्षिक शुल्क बुझाउन पर्नेछ-

संस्थापक सदस्य- रु.१०००।०० (अक्षेरुपी एक हजार रुपैया मात्र) ।

पुर्ण सदस्य- रु.१०००। (अक्षेरुपी एक हजार रुपैया मात्र) ।

प्रवेश सदस्य- रु.५०० (अक्षेरुपी पाँच सय रुपैया मात्र) । (प्रत्येक पटक)

नोट : अन्तर्राष्टिय संस्थाहरुको सम्बन्धमा बार्षिक रु.२००००।०० (बार्षिक बिस हजार रुपियाँ मात्र) रहनेछ।

(११) सदस्यताको समाप्ति :

देहायको अव स्थामा सदस्यता प्राप्त संस्थाहरुको सद स्यता समाप्त हुनेछ :

क.) बालसहभागिताको क्षेत्रमा काम नगरेको प्रमाणित भएमा ।

ख.) बाल क्लब सञ्चालन नगरेको प्रमाणित भएमा ।

ग.) बार्षिक सदस्यता शुल्क नियमित रुपमा नतिरेमा र नवीकरण नभएको अवस्थामा ।

घ.) बाल अधिकार, सुशासन तथा पारदर्शिता विपरित काम गरेको प्रमाणित भएमा ।

ङ.) कन्सार्टियमको नीति तथा मान्यता विपरित काम गरेको ।

## परिच्छेद - ४

## साधारण सभा तथा समितिहरु

(१२) साधारण सभाको गठन :

यस संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभाको गठन हुनेछ । समितिको अध्यक्ष र महासचिव साधारण सभाको पदेन अध्यक्ष र सचिव हुनेछन् ।

(१३) साधारण सभाको बैठक :

(क) प्रत्येक एक आर्थिक वर्षको अन्त्यमा साधारण सभाको बैठक हुनेछ ।

(ख) बैठकमा सहभागि हुनु अघि सम्पुर्ण सदस्यहरुले सदस्यता नवीकरण अनिवार्य रुपमा गर्नुपर्नेछ । अन्यथा बैठकमा सहभागि हुन पाईने छैन ।

(ग) बैठकको सुचना सम्पूर्ण सदस्यहरुलाई कम्तिमा १५ दिन अगावै मिति, समय, स्थान र छलफलका विषयहरु समेत खोलि दिनुपर्नेछ । यसरी बोलाईएको बैठकमा सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा मात्र गणपुरक संख्या मानिनेछ ।

(घ) माथि उपदफा (ग) बमोजिम बोलाईएको बैठक बस्न नसके पुनः ७ दिन भित्र बैठक बोलाउनुपर्नेछ । यसरी बोलाईएको बैठकमा एक तिहाई सदस्यको उपस्थितिलाई गुणपुरक संख्या मानिनेछ ।

(ङ.) साधारण सभाको निर्णय उपस्थित सम्पूर्ण सदस्यहरुको बहुमतबाट गरिनेछ ।

(च) साधारण सभाको बैठकमा संस्थापक र पूर्ण सदस्यहरुले निर्णय प्रक्रियामा मताधिकार प्रयोग गर्न पाउने छन् । तर प्रवेश सदस्य तथा सल्लाहकारहरुले निर्णय प्रक्रियामा मताधिकार प्रयोग गर्न पाउने छैनन् ।

(१४) विशेष साधारण सभा :

(क) संस्थाको कुल सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष लिखित निवेदन पेश गरी विशेष साधारण सभा बोलाउन अनुरोध गरेमा अध्यक्षले लिखित अनुरोध प्राप्त गरेका मितिले १५ दिन भित्र विशेष साधारण सभा बोलाउनुपर्नेछ । यसरी बोलाईएको विशेष साधारण सभा यस विधानको दफा (१२) को उपदफा (ग) र (घ) मा जुनसुकै कुरा उल्लेख भएतापनि दुई तिहाई सदस्यहरुको उपस्थितिलाई मात्र बैध मानिनेछ ।

(ख) विशेष साधारण सभामा तोकिएको बिषय बाहेक अन्य बिषयमा अध्यक्षको पूर्व स्विकृति नलिई छलफल गर्न सकिने छैन ।

(१५) साधारण सभाको काम, कर्तव्य र अधिकार :

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संस्थाको सम्पूर्ण सदस्यहरुबाट सञ्चालक समितिको निर्वाचन गर्ने ।

(ख) विगतको वार्षिक कार्य प्रगति प्रतिवेदन र वार्षिक आय व्यय प्रतिवेदन पारित गर्ने ।

(ग) समितिले पेश गरेको वार्षिक कार्यक्रम र वार्षिक अनुमानित बजेट पारित गर्ने ।

(घ) विधानको आवश्यक संशोधन गर्ने ।

(ङ.) आर्थिक वर्षका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(१६) सञ्चालक समितिको गठन  र पदावधिः

क) संस्थाका पुर्ण सदस्यहरुले आफु मध्येबाट देहायका पदधिकारी भएको ९ सदस्यीय सञ्चालक समितिको गठन गर्न  सक्नेछन् ।

| | |
|---|---|
| (क) संयोजक | १ |
| (ख) महासचिव | १ |
| (ग) कोषाध्यक्ष | १ |
| (घ) सदस्यहरु | ६ |

ख) सञ्चालक समितिको कुल पदाधिकारीमध्ये न्युनतम पनि ५ सदस्य नेपाली गैरसरकारी संस्थाहरु रहनेछन् ।

ग) यसरी गठन भएको सञ्चालक समितीको पदावधी सामान्यतया निर्वाचित भएको मितिले ३ बर्षको हुनेछ ।

(१७) पदमुक्त :

कार्यकारिणी समितिका पदाधिकारीहरु देहायको अवस्थामा पदमुक्त हुनेछन् ।

(क) समितिका पदाधिकारीले राजिनामा गर्न चाहेमा अध्यक्षले महासचिव समक्ष र अधयक्ष बाहेक अन्यले अध्यक्ष समक्ष राजिनामा दिई समितिबाट स्विकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) साधारण सभाले अविश्वासको प्रस्ताव पारित गरेमा ।

(घ) मनासिव माफिकको सुचना नदिई समितिको बैठकमा लगातार तिन पटक अनुपस्थित भएमा, तर यस प्रयोजनको लागि सम्बन्धित सदस्यलाई स्पष्टिकरण दिने मौकाबाट बञ्चित गरिने छैन ।

(ङ) सम्बन्धित व्यक्ति आफु प्रतिनिधित्व गरिरहेको संस्थाबाट पदमुक्त भएमा ।

(च) प्रतिनिधित्व गरिरहेको व्यक्तिलाई सम्बन्धित संस्थाले अर्को व्यक्तिको प्रतिनिधित्व गराई प्रतिस्थापन गरेमा ।

(१८) सञ्चालक समितिको बैठक :

(क) सञ्चालक समितिको बैठक कम्तिमा एक वर्षमा पाँच पटक बस्नेछ ।

(ख) समितिको बैठकका लागि गणपुरक संख्या साधारण बहुमत हुनेछ ।

(ग) समितिको बैठकमा बहुमतको आधारमा निर्णय गरिनेछ ।

(घ) समितिको बैठक सामान्यतः अध्यक्षको परामर्शमा महासचिवले बोलाउने छ ।

(१९) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :

सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः देहाय बमोजिम हुनेछ ।

(क) साधारण सभाको बैठकबाट पारित निति निर्देशन वा निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) संस्थाको उद्देश्य परिपूर्तिका लागि कार्यक्रम निश्चित गर्ने, कार्य सम्पादन गर्ने र कार्यन्वयन गर्ने एवं सभा गोष्ठि गर्ने गराउने र अरुमा सहभागि हुने ।

(ग) आवश्यक प्रकाशन लगायत प्रचार प्रसार कार्यक्रम गर्ने गराउने ।

(घ) संस्थाको लागि आवश्यक राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग कार्य सम्पादनका लागि सम्झौताहरु गर्ने र सहयोगको आदान प्रदान गर्ने ।

(ङ.) समितिको कुनै पद रिक्त हुन आएमा साधारण सभा नभए सम्मका लागि संस्थाका सदस्यहरु मध्येबाट मनोनयन गर्न सक्नेछ ।

(च) सदस्यता प्रदान गर्ने तथा खारेज गर्ने ।

(छ) संस्थाको चल अचल सम्पत्तिको संरक्षण गर्ने ।

(ज) निर्वाचन समितिको निर्माण गर्ने ।

(झ) सल्लाहकार मनोनयन गर्ने ।

(ञ) आवश्यक्ता अनुरुप उप समितिहरु गठन गर्ने तथा खारेज गर्ने ।

(ट) आवश्यक नियमावली एवं विनियमहरु निर्माण गरी लागू गर्ने ।

(ठ) संस्थाको कार्य सम्पादनका लागि कर्मचारी नियुक्त गर्ने, सेवा शर्त निर्धारण गर्ने र आवश्यक्ता अनुरुप सेवाबाट हटाउने ।

(ड) आवश्यक अन्य काम गर्ने ।

## परिच्छेद - ५

## काम कर्तब्य र अधिकार

(२०) सञ्चालक समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

(अ) संयोजक :

(क) समिति र साधारण सभाको बैठकमा अध्यक्षता गर्ने ।

(ख) महासचिवलाई बैठक बोलाउन निर्देशन गर्ने ।

(ग) कुनै प्रस्तावमा मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) संस्थाका पारित निर्णायहरु कार्यान्वयन गर्न निर्देशन गर्ने ।

(ङ.) संस्थाको प्रमुख भई नेतृत्वको जिम्मेवारी लिने ।

(आ) महासचिव :

(क) संयोजकको परामर्शमा समितिको बैठक बोलाउने र संचालन गर्ने ।

(ख) संस्थाका पारित निर्णायहरु अभिलेख राख्ने र सो कार्यान्वयन गर्ने ।

(ग) बैठकमा सदस्यहरुलाई सूचना प्रवाह गर्ने , कार्य योजना र गतिविधिको बारेमा बैठकमा जानकारी गराउने ।

(घ) केन्द्रका बिभिन्न उप समिति र शाखा कार्यालयमा समन्वय गर्ने ।

(ङ.) संयोजकको अनुपस्थितिमा अध्यक्षको सबै काम, कर्तव्य र अधिकार पालन गर्ने वा प्रयोग गर्ने ।

(च) साधारण सभामा वार्षिक प्रतिवेदन र आगामि वर्षको कार्यक्रम पेश गर्ने ।

(इ) कोषाध्यक्ष :

(क) वार्षिक साधारण सभा र समितिको प्रत्येक बैठकमा आम्दानी खर्चको प्रतिवेदन पेश गर्ने ।

(ख) संस्थाको आम्दानी खर्चको हिसाब अध्यावधिक राख्ने , राख्न लगाउने र कोष संकलन गर्ने ।

(ग) वार्षिक बजेट तयार गर्ने , साधारण सभामा पेश गर्ने ।

(घ) महासचिवको अनुपस्थितिमा महासचिवको सबै काम, कर्तव्य र अधिकार पालन गर्ने वा प्रयोग गर्ने ।

(ई) सदस्यहरु :

(क) बैठकमा उपस्थित भई छलफलमा सहभागि हुने ।

(ख) बैठकले दिएको जिम्मेवारी पुरा गर्ने ।

२१. जिल्ला सम्पर्क संस्थाहरुको काम कर्तब्य र अधिकार :

क. जिल्लाभित्र रहेका कन्सोर्टियमका संस्थाहरु तथा कन्सोर्टियमविच सम्पर्क सूत्रको काम गर्ने ।

ख. अन्तरसूचनाहरु प्रवाह गर्ने ।

ग. कन्सोर्टियमको उद्देश्य प्राप्तीका लागि स्थानीय श्रोत साधन परिचालन गरी वकालत, पैरवीका कामहरु गर्ने ।

घ. सदस्य संस्थाहरुविच बालक्लब तथा बालसहभागिताको विषयमा अनुभव आदानप्रदान गर्ने र यसका लागि स्थानीयहतमा सहकार्य बढाउने ।

ङ. योग्य संस्थाहरुलाई सदस्यताको लागि सिफारिस गर्ने ।

च. जिल्लाका सदस्य संस्थाका संस्थागत विवरण र सूचनाहरुको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने ।

छ. स्थानीयतहमा रही कन्सोटियमको कार्यक्रमलाई सघाउने ।

## परिच्छेद - ६

## आर्थिक ब्यबस्था

(२२) आर्थिक श्रोत :

संस्थाको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ ।

(क) संस्थाले प्राप्त गरेको नगद, जिन्सी, अनुदान, दान, दातव्य, उपहार तथा सहयोग ।

(ख) संस्थाले संचालन गरेका अन्य विविध श्रोतबाट प्राप्त रकम

(ग) संस्थाको चल, अचल सम्पत्तिबाट प्राप्त हुने रकम ।

(घ) नेपाल सरकारका निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट प्राप्त हुने सहयोग ।

(ङ.) सदस्यता शुल्क बापत प्राप्त हुने रकम ।

(२३) चल अचल सम्पतिको विवरण :

प्रचलित कानुन तथा नियम बमोजिम आर्थिक विवरण तोकिएको ढाँचामा स्पष्ट र दुरुस्त राखी चल अचल सम्पत्तिको विवरण पारदर्शी एवं व्यवस्थित ढंगले राखिने छ ।

(२४) कोष तथा कोषको परिचालनः

(क) यस विधानको दफा (२०) अनुसार जम्मा हुन आएको रकम संस्थाको नामबाट कोष खडा गरी स्थानीय बैंकमा खाता खेल्न सकिनेछ ।

(ख) संस्था्को कोष संचालन कोषाध्यक्षको अनिवार्य र समितिले तोकेको २ सदस्यहरु मध्ये कुनै एक सदस्यको संयूक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

(ग) संस्था्को शाखा स्तरीय कोषको संचालनको हकमा यस विधान अन्तर्गत नियमावलीमा लेखिए अनुसार हुनेछ ।

(२५) लेखा परिक्षण :

(क) नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परिक्षकद्वारा हरेक वर्ष संस्थाको आम्दानी, खर्च, चल अचल मौज्दात समपत्ति समेतको लेखा परिक्षण गरिनेछ ।

(ख) संस्थाको लेखा परिक्षकको प्रतिवेदन र कार्य प्रगति प्रतिवेदन प्रत्येक वर्ष सम्पुर्ण सदस्य तथा साझेदार संस्थाहरुलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद - ७

## विविध

(२६) निर्वाचन सम्बन्धि व्यवस्था :

(क) समितिको निर्वाचन प्रत्येक ३ वर्षमा साधारण सभाबाट हुनेछ ।

(ख) चुनाव सम्बन्धि व्यवस्था गर्न एक जना निर्वाचन अधिकृत सहित ३ सदस्य निर्वाचन समितिको गठन गरी समितिको निर्देशन अनुरुपको निति तय गरी समितिको निर्वाचन गरीनेछ ।

(२७) निर्वाचनको प्रक्रिया तथा व्यवस्था :

(क) संस्थाको पुर्ण सदस्यता प्राप्त भएको कम्तिामा २ बर्ष पुरा गरेको संस्था प्रतिनिधि उम्मेद्धार हुन पाउने ।

(ख) सदस्यता नविकरण नभएको संस्थाका प्रतिनिधिले उम्मद्धार हुन र मतदानमा सहभागी हुन पाउनेछैन ।

(ग) सदस्यता सम्बन्धि विवाद श्रृजना भएमा निवर्तमान समितिले अन्तिम निर्णय गर्नेछ ।

(घ) निर्वाचन सम्बन्धि अन्य प्रक्रिया निवर्तमान समितिको परामर्शद्वारा निर्वाचन समितिले तय गर्ने छ ।

(२८) अबिश्वासको प्रस्ताव :

अबिश्वासको प्रस्ताव सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समिति वा समितिका पदाधिकारी विरुद्ध सदस्यहरु मध्ये ५१ ५ ले हस्ताक्षर गरी लिखित निवेदन अध्यक्ष समक्ष कारण खुलाई साधारण सभाको माग गरी अविश्वासको प्रस्ताव राख्न सक्नेछन् ।

(ख) माथिको उपदफा (क) बमोजिम माग गरेमा दफा (१३) को उपदफा -क) बमोजिमको प्रकृया अवलम्बन गरी बैठक बस्ने छ । तर दुई तिहाई उपस्थिति सदस्य संख्याको दुई तिहाई बहुमतले समिति भंग गर्न वा कुनै पदाधिकारीलाई हटाउन सकिने छ ।

(ग) माथिको उपदफा (ख) अनुसार कार्वाही गर्नु अघि समिति वा पदाधिकारीलाई लिखित सूचना १५ दिन अघि दिनु पर्नेछ र निजले उचित सफाईको मौका कार्वाही गर्नु अघि पेश गर्न पाउनेछ ।

(घ) अध्यक्षको विरुद्ध अविश्वासको प्रस्ताव दर्ता भई छलफल भएको अवस्थामा महासचिवले साधारण सभाको अध्यक्षता गर्ने छ ।

(ङ.) समिति वा पदाधिकारीको विरुद्ध अविश्वासको प्रस्ताव एक वर्षमा एक पटक भन्दा बढि ल्याउन पाईने छैन ।

(२९) विधान संशोधन :

संस्थाको विधान संशोधन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछन ।

(क) विधान संशोधन गर्ने अधिकार साधारण सभालाई हुनेछ ।

(ख) समितिको सिफारिसमा विधान संशोधनको प्रस्ताव साधारण सभाको उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले विधान संशोधन गर्न सक्नेछन् । यसरी पारित विधान प्रमुख जिल्ला अधिकारीले स्विकृत गरे पछि मात्र लागू हुनेछ ।

(३०) नियम बनाउने अधिकार :

सञ्चालक समितिले यस विधानको अधिनमा रही संस्थाको उद्देश्यलाई परिपूर्ति गर्न आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक नियमावली, विनियम, तथा कार्य निर्देशनहरु बनाउन सक्नेछ ।

(३१) संस्थाको बिघठन :

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्थाको बिघठन भएमा संस्थाको बांकी बक्यौता तथा ऋण चुक्ता गरी बांकी रहेको सम्पूर्ण जायजेथा श्री ५ को सरकारको अधिनमा सर्नेछ ।

(३२) बचाउ :

यस विधानमा लेखिएका कुरामा यसै विधान बमोजिम र सो बाहेक हकमा प्रचलित कानुन बमोजिम हनेछ । प्रचलित कानुनसंग बाझिने वा यस विधानका दफाहरु बाझिएको हदसमम स्वतः खारेज भएको मानिनेछ ।

(३३) यो विधान अन्तर्गत रही गरीने कार्यहरु प्रचलित नेपाल कानुनको अधिनमा रही नेपाल सरकारको नीति निर्देशन तथा बाल अधिकार महासन्धिको भावना र सिद्दान्तको परिधीभित्र रही गरीनेछ ।

(३४) यस संस्थाले आफ्नो कार्य संचालन गर्दा कुनैपनि प्रकारको राजनैतिक गतिवीधिबाट विल्कुलै अलग रही गर्नेछ ।

(३५) व्याख्या :

यस विधानका कुनै दफा , वाक्य वा शब्दहरुमा अस्पष्टता रहेमा यसको अन्तिम व्याख्या समितिले गरे बमोजिम हुनेछ ।

(३६) निस्कृयता

यस विधानका अन्य दफा उपदफाहरुमा जुनसुकै कुराहरु लेखीएको भए पनि त्यस्ता कुराहरु प्रचलित कानुनसँग बाभ्कीन गएमा, बाल अधिकार, बाल सहभागिता र संरक्षणका मनसाय प्रतिकुल भएमा तथा बाल अधिकार महासन्धिका मान्यताहरु विपरीत गएमा त्यस्ता दफा उपदफाहरु स्वत निस्कृय हुनेछन् ।